याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर,
कोशी प्रदेश, नेपाल

सूचना नं.: २४-२०८२-८३

आ.व. २०८२/०८३ को आन्तरिक आय ठेक्का वन्दोबस्तका लागी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२८)

याङवरक गाउँपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ बमोजिम तथा याङवरक गाउँपालिकाको राजश्व परामर्श समितिको मितिः २०८२/०७/२६ को निर्णय अनुसार आ.व. २०८२/०८३ को लागी तपसिल बमोजिमका जडिबुटी, कवाडीमाल, जिवजन्तु निकासी कर संकलनका लागी समितिलेले तोकेको न्यूनतम रकमबाट बढीबढाउ हुने गरी हार्ड कपी मार्फत ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले तपशिलमा उल्लेखित शर्तहरु अनुसार देहाय बमोजिमको मिति र समयभित्र दरभाउपत्र खरिद गरि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वानको लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम रकम (मु.अ. कर. बाहेक) रु. | दरभाउपत्र दस्तुर रकम (रु.) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | ०२-२०८२/०८३ | गाउँपालिकाको निकासी शुल्क संकलन | ७,६०,०००.०० (अक्षरुपीः सात लाख साठ्ठी हजार रुपैँया मात्र) | रु. १,०००.०० (अक्षरुपीः एक हजार रुपैँया मात्र) | कबोल रकमको ५% |

**शिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरुः**

- फर्मको हकमा आवस्यक कागजातः नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१-८२ को करचुक्ता प्रमाणपत्र (वा म्याद थप गरिएको प्रमाण) को प्रमाणित प्रतिलिपि
- व्यक्तिको हकमा आवस्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर परिचय (PAN) पत्र
- वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा हिमालयन बैंक शाखा कार्यालय मा रहेको यस कार्यालयको YANGWARAK GA-1-1 ANTARIK RAJASWO खाता नं. 12051951550182 मा रु.१,०००.०० नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समयभित्र कार्यालयवाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ। वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।
- वोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कवोल गरेको अंकको ५ % को दरले हुन आउने धरौटी रकम यस कार्यालयको

गृहराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत


yangwarakruralmun@gmail.com www.facebook.com/yangwarak www.yangwarakmunpanchthar.gov.np ०२४-४१...

CamScanner

यांङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर,
कोशी प्रदेश, नेपाल

YANGWARAK GAUNPALIKA GA 3 धरौटी खाता नं. 12051951550131 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी ठेक्का खोल्ने दिनको ९० औं दिन वा २०८२-११-१७ गते सम्मको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन ( २०८२-०८-१४ गते) दिनको ५:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको बेलुकाको ५:३०बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- वोलपत्र सम्बन्धी विस्तृत जानकारी वोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- वोलपत्र स्वीकृत भए पश्चात सम्झौताको लागि आँफूले कवोल गरेको रकम बराबरको नगदै यस कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा ५०% रकमको बैंक भौचर र ५०% रकमको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकवाट यस कार्यालयको नाममा २०८३ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गर्नु पर्नेछ।
- तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ।
- गाउँपालिकाले तोकेको दररेट अनुसार मात्र शुल्क /कर उठाउनु पर्नेछ। ठेक्का संचालनको सिलसिलामा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदी ठेकेदार/व्यक्ति आँफैले बुझाउनु पर्नेछ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा यसङवरक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।
- ठेक्का सम्बन्धि सम्पूर्ण कागजात याङवरक गाउँपालिकाको कार्यालय, थर्पु, पाँचथरमा उपलब्ध हुनेछ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website https://yangwarakmunpanchthar.gov.np/ मा वा ९८४२६७३९१८ मा सम्पर्क समेत गर्न सकिनेछ।

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner